राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१७ औं प्रतिदिन वार्षिकोत्सव




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३१७ ॥ २०८२ माघ ०६ गते मंगलबार (20th Jan 2026 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# केपी र बालेन आज आमने सामने हुँदै




झापा, माघ ५ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चर्चा पाएको झापा ५ मा एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाह आज आमने सामने हुँदैछन् । दुवैले आगामी निर्वाचनका लागि झापा ५ बाट उम्मेद्वारी दिन लागेका हुन् । आगामी निर्वाचनमा झापा क्षेत्र नं ५ बाट उम्मेदवारी दिन ओली सोमवार दिउँसो नै झापा आइपुगेका छन् ।

सोमवार दिउँसो १२:१० बजे चन्द्रगढी बिमानस्थलमा काठमाडौंदेखि यति एयरलाइन्सको एनवाइटी ९२१ को नियमित उडानबाट ओली, उनकी श्रीमती राधिका शाक्य ओलीलगायत आएका हुन् । विमानस्थलमा अवतरण गरेपछि बा १८ च ४८४५ नं. को गाडीमा दमक -७ स्थित कामक्षा होटलतर्फ उनी प्रस्थान गरेका छन् । ओलीलाई चन्द्रगढी बिमानस्थलमा स्वागत गर्नका लागि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, कोशी प्रदेशका सामाजिक सुरक्षा विकास मन्त्री रामप्रसाद महतो, नेकपा एमालेका झापा जिल्ला अध्यक्ष प्रेमबहादुर गिरी, पार्टीका नेता, कार्यकर्ताहरु लगायत करिब ५०० जनाको संख्यामा भेला भएका थिए ।

यसैबीच एमाले अध्यक्ष ओलीले भयरहित चुनावका लागि सरकारले शान्ति सुरक्षा कायम गर्न नसकेको टिप्पणी गरेका छन् । सोमबार दमकमा प्रेस चौतारीले आयोजना गरेको पत्रकार भेटघाटमा अध्यक्ष ओलीले सरकार शान्ति सरक्षा कायम गर्नतिर अग्रसर नभएको आरोप लगाए ।

देशलाई चाहिएको शान्ति सुरक्षामा सरकार उदासिन देखिएको औंल्याउँदै अध्यक्ष ओलीले भने - 'स्वयं तपाईं पत्रकारहरु नै सेल्फ सेन्सरसिप गर्नु परेको छ । कसको पक्षमा लेखिदिने भन्ने छ । देशको प्रधानन्यायाधीशले समेत धम्की आएको छ भन्ने अवस्था छ । निर्वाचन आयोग त्रासादीमा छ । प्रहरीको मनोबल छैन । जनताले प्रहरीको बस्ने ठाउँ बनाइदिएका छन् । जेल फोड्ने क्रिमिनिल काम गर्नेहरुको मुद्दा फिर्ता लिने काम भएको छ । यस्तो स्थितिमा शान्ति सुरक्षाको अवस्था नाजुक छ ।'

अध्यक्ष ओलीले झापाको एसपी फेरिएको सन्दर्भ औंल्याउँदै भने- 'म २५ वर्षअघि गृहमन्त्री भएको हुँ । त्यो बेला यस्तो काम कहिल्यै गरिनँ । एसपीबाट निष्पक्षता हुन्छ कि भन्ने डरले सरुवा गरिएको छ । यस्तो सबै दलले आ-आफ्नो पक्षबाट फेर्न माग गरे भने कसरी सुरक्षाकर्मीले काम गर्न सक्छन् ?'

झापाको मुहार फेर्ने गरी विकासको काम आफ्नो कार्यकालमै रहेको उनले दावी गरे ।

उता जनकपुरको चुनावी सभामा भाग लिएर बालेन झापा आउन लागेका छन् । सोमवार साँझ जनकपुरमा सभा सकेपछि उनी झापातर्फ प्रस्थान गरेका हुन् । राति ९.३० बजेसम्म दमक आइनपुगेको प्रहरीले जनाएको छ । राति आएर उर्लावारीस्थित ससुराली घरमा उनी बास बस्ने कार्यक्रम रहेको रास्वपा झापाका कार्यवाहक सभापति प्रकाश पाठकले बताए । उनले आज बिहान ११ बजे रास्वपाका उम्मेदवारहरुले मनोनयन दर्ता गर्ने जानकारी दिए ।

रास्वपाले मधेश प्रदेशको राजधानी जनकपुरबाट चुनावी यात्रा थालेको छ। 'परिवर्तन उद्घोष सभा' नाम दिइएको चुनावी सभालाई सोमबार सम्बोधन गर्दै रास्वपाका शीर्ष नेताहरूले 'अब की बार, बालेन सरकार' भन्दै मत मागेका थिए। जनकपुरको तिरहुतिया गाँछीमा हजारौं संख्यामा उपस्थित समर्थकबीच रास्वपाले वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई प्रधानमन्त्रीको रूपमा अघि सार्ने वाचा गरेको थियो। सभामा सहभागी हुन बालेन आइतबार अपराह्न नै जनकपुर आइपुगेका थिए। रास्वपा सभापति रवि लामिछाने सोमबार जनकपुर पुगेका थिए।

लामो समय कांग्रेसबाट राजनीति गरेका तर २०७९ सालको निर्वाचनमा सर्लाहीबाट स्वतन्त्र भएर चुनाव जितेका नेता अमरेशकुमार सिंह पनि रास्वपामा प्रवेश गरेका छन्। सिंह सोमबार बिहानै बालेनसँगै जानकी मन्दिरमा पूजापाठ गर्न गएका थिए। सभामा बालेनले मैथिली भाषामा सम्बोधन गरेका थिए। 'केना कि अई त' (के-कसो छ नि) भन्दै करिब २० मिनेट लामो भाषण उनले मैथिलीमै सुरु र समाप्त गरेका थिए। 'भाषण होइन, काम गर्ने मान्छे हुँ। काम गर्छु। काम गर्ने दिने हो नि?' बालेनले भने, 'मलाई मानिसहरूले भेट्दैनन् भन्छन्। महानगरमा हुँदा चार वर्ष मेयरमै व्यस्त रहें।

❖ बाँकी पृष्ठ ४ मा

## समानुपातिक उम्मेदवारहरूको बन्दसूचीमा को को परे ?




झापा, माघ ५ । निर्वाचन आयोगले समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूची सार्वजनिक गरेको छ । आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार, राजनीतिक दलबाट पेस भएका उम्मेदवारहरूको बन्दसूची सार्वजनिक गरिएको हो । प्रतिनिधिसभाको निर्वाचन आगामी फागुन २१ गते हुँदैछ । समानुपातिक तर्फबाट ११० जना र प्रत्यक्ष तर्फबाट १६५ जना निर्वाचित हुन्छन् ।११० सिटका लागि ६३ राजनीतिक दलबाट ३ हजार २१३ जना उम्मेदवारको नाम पेस भएको निर्वाचन आयोगले जनाएको छ । बन्दसूचीमा नेकपा एमालेका तर्फबाट झापाका अनिता कन्दङ्वा , विद्यानन्द सिंह राजवंशी , नर्वदादेवी शिवाकोटी , लता प्रसाई , नीता घतानी र जितबहादुर दर्जी गौतम परेका छन् ।

त्यस्तै नेपाली कांग्रेसका तर्फबाट सुशीला ढकाल आचार्य , रिना उप्रेती , उमा शिवाकोटी र राधा कार्कीलाई समेटिएको छ ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट मनोज राजवंशी , टीका संग्रौला , अनिता नेपाली परेका छन् भने नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट विष्णुप्रसाद खनाल र हिराकुमारी राजवंशीको नाम समेटिएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट धर्मराज माझी , भरिपूर्ण राई , रुपदल विश्वकर्मा , सूर्यनारायण गणेश र संगीतादेवी रौनियार नाम समेटिँदा श्रम संस्कृति पार्टीबाट समिता राई , जितेन राई , पवनलाल मेचे र मेघराज दुलाल परेका छन् ।

# उम्मेद्वारको मनोनयन दर्तामा सहभागी हुन थेबेको आह्वान

बिर्तामोड,माघ ५ । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले निर्वाचन आचारसंहिता पालना गरेर उम्मेद्वारको मनोनयन दर्ता एवं चुनावी कार्यक्रमहरुमा सहभागी हुन कार्यकर्ता र शुभचिन्तकलाई आह्वान गरेका छन् ।

निर्वाचन आयोगले मनोनयन दर्तालाई ब्यवस्थित एवं मर्यादित बनाउन नेपाली कांग्रेसलाई २ बजेको समय उपलब्ध गराएको जानकारी दिदै सभापति थेवेले सो समयमा सम्बन्धित क्षेत्रमा स्थापना भएका निर्वाचन कार्यालयमा उपस्थित हुन कार्यकर्ता र शुभचिन्तकलाई आह्वान गरेका हुन् । निर्वाचन आयोगले माघ ६ गते प्रतिनिधिसभा निर्वाचनका लागि मनोनयन दर्ता कार्यक्रम तय गरेको छ ।

नेपाली कांग्रेस झापाका पदाधिकारी एवं क्षेत्रीय सभापतिहरुको संयुक्त बैठकमा सभापतिको आसनबाट बोल्दै नेता थेवेले मुलुकमा लोकतान्त्रिक शासन पद्धति र राजनीतिक स्थायित्वका लागि रुख चुनाव चिन्ह लिएर निर्वाचनमा होमिएका उम्मेद्वारलाई एकजुट भई अत्यधिक बहुमतले जिताउन आम मतदातालाई अपिल गरेका छन् । देशको संविधान र लोकतन्त्रको रक्षा, जनजीविका, बिकास र स्थिरतासहितको समुन्नतिको यात्रालाई सुनिश्चित गर्न नेपाली कांग्रेसको बिजय अपरिहार्य भएको बताउँदै सभापति थेवेले राष्ट्र जोगाउन, मेलमिलापसहितको सुदृढ समाजको सिर्जना गर्न सबै लोकतन्त्रवादी, देशभक्त नेपालीले सदभावसहितको सहयोग गर्नुहुने बिश्वास ब्यक्त गरेका छन् ।



निर्वाचन आयोगले विभिन्न चरणमा राजनीतिक दलका प्रतिनिधिहरुसँग गरेको छलफलका क्रममा भएका अन्तरसंवादहरुको चर्चा गर्दै उनले आचारसंहिताको पालना नगरे उम्मेद्वारी खारेजसम्मको ब्यवस्था रहेको चर्चा गर्दै आचारसंहिता पालनामा जोड दिएका छन् । उम्मेद्वारले चुनाव प्रचारप्रसारका क्रममा हुने खर्चमा मितब्ययिता अपनाउन अपिल गर्दै उनले सामाजिक संजाल प्रयोग गर्दा साबधानी अपनाउन पनि आग्रह गरेका छन् ।

निर्वाचन आयोगले यसपटक १५ दिनमात्रै चुनावी प्रचार-प्रसार गर्न पाइने ब्यवस्था गरेको छ । जसअन्तर्गत माघ ६ गते उम्मेद्वारको मनोनयन दर्तापछि माघ ९ गते आयोगले चुनावचिन्ह प्रदान गर्ने कार्यतालिका छ ।

फागुन २१ गते हुने निर्वाचनका लागि फागुन ४ गतेदेखि १७ गतेसम्म मात्रै चुनाव प्रचार गर्न पाइने निर्वाचन कार्यतालिका आयोगले यसअघि नै सार्वजनिक गरिसकेको छ ।

# पाथीभरा एकेडेमीमा विद्यार्थी भर्ना नगर्न स्वयं संचालकको आग्रह

झापा, माघ ५ । झापाको कनकाई नगरपालिका-८ लक्ष्मीपुरस्थित पाथीभरा एकेडेमीका संचालक स्वयंले नयाँ विद्यार्थी भर्ना नगर्न अभिभावकहरुलाई आग्रह गरेका छन् । अनिश्चित र अव्यवस्थित परिस्थितिमा विद्यालयले नयाँ भर्ना खुला राख्नु भनेको बालबालिकाको भविष्यसँग प्रत्यक्ष खेलवाड गर्नु भएकाले आफ्ना छोराछोरी भर्ना नगर्न विद्यालयका संचालक रवि पोद्धारले आग्रह गरेका हुन् । संचालकद्वय रवि पोद्धार र विनोद पोखरेलबीच विवाद रहेको छ। पोद्धारले सोमवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी विद्यालयको शैक्षिक, प्रशासनिक र भौतिक व्यवस्थापन दिन प्रतिदिन अस्तव्यस्त बन्दै गएको बताउँदै जसको प्रत्यक्ष असर विद्यार्थीको वर्तमान र भविष्यमा पर्न सक्ने स्पष्ट देखिएको अवगत गराए । विद्यालय सञ्चालन भइरहेको भवन तथा जग्गा पोद्धारको निजी स्वामित्वमा रहेको छ । तर उक्त भवन हाल जीर्ण अवस्थामा पुगिसकेको हुँदा त्यहाँ विद्यालय सञ्चालन गर्दा भविष्यमा हुन सक्ने कुनै पनि दुर्घटनाको जिम्मेवारी आफूले नलिने उनले स्पष्ट पारेका छन् । 'यदि कुनै अप्रिय घटना घटेमा त्यसको सम्पूर्ण नैतिक तथा कानुनी जिम्मेवारी सम्बन्धित निकाय र लापरवाही गर्ने पक्षले लिनुपर्ने कुरा सार्वजनिक रूपमा स्पष्ट पार्न चाहन्छु ' उनले पत्रकार सम्मेलनमा भने ।



यसका साथै, विगत केही वर्षदेखि विद्यालयको नियमित लेखा परीक्षण नहुनु, कम्पनी अद्यावधिक नगरिनु, विद्यालय व्यवस्थापन समिति तथा सञ्चालक समितिका बैठकहरू नबस्नुजस्ता कारणले विद्यालय जुनसुकै बेला बन्द हुने जोखिमपूर्ण अवस्थामा पुगेको उनले जानकारी दिएका छन् ।

२०६४ सालमा स्थापना भएको पाथीभरा एकेडेमीलाई २०७५ सालमा रवि पोद्धार र विनोद पोखरेलले खरिद गरी नयाँ व्यवस्थापनमा सञ्चालनमा ल्याएका थिए । त्यहाँ करिव ५ सय विद्यार्थी अध्ययनरत रहेका छन् । त्यहाँ कक्षा १० सम्म अध्ययन हुने गरेको छ ।

## प्रेस विज्ञप्ति

मितिः २०८२ / १० / ०५

### पाथीभरा एकेडेमी झापाको सञ्चालन र सुरक्षाबारे ध्यानाकर्षण

पाथीभरा एकेडेमी, झापाको कनकाई नगरपालिका-८ स्थित लक्ष्मीपुरमा अवस्थित, २०६४ सालमा स्थापना भएको एक प्रतिष्ठित शैक्षिक संस्था हो । प्रारम्भमा साधारण व्यवस्थापनमा सञ्चालनमा आएको यस विद्यालयलाई २०७५ सालमा शिक्षामा दीर्घकालीन योगदान दिने उद्देश्यसहित म रवि पोद्धार र विनोद पोखरेलले खरिद गरी नयाँ व्यवस्थापनमा सञ्चालनमा ल्याएका हौं ।

विद्यालयले सधैं गुणस्तरीय शिक्षा उपलब्ध गराउने पवित्र उद्देश्यलाई केन्द्रमा राख्दै सञ्चालनको यात्रा तय गर्दै आएको भएता पनि पछिल्लो समय व्यवस्थापन तथा भौतिक सुरक्षासँग सम्बन्धित विषयमा गम्भीर समस्या आएको तथ्य सार्वजनिक गर्नु पर्दा आफैंलाई नरमाइलो लागिरहेको छ । तथापि विद्यालयभित्र देखिएको आन्तरिक विवाद, प्रशासनिक अव्यवस्था र संरचनागत जोखिमका कारण बालबालिकाको शिक्षा, सुरक्षा र भविष्य प्रत्यक्ष रूपमा जोखिममा परेको महसुस गरी तत्काल सरोकारवाला निकायको ध्यानाकर्षण गराउन यो प्रेस विज्ञप्ति जारी गरिएको हो ।

कनकाई नगरपालिका-८, लक्ष्मीपुरस्थित पाथीभरा एकेडेमी झापा प्रा.लि. का म, सञ्चालक रवि पोद्धार, विद्यालयको ५० प्रतिशत शेयरधनीको हैसियतले स्पष्ट शब्दमा भन्न चाहन्छु–बालबालिकाको शिक्षा, सुरक्षा र भविष्य जोखिममा पारेर कुनै पनि हालतमा विद्यालय सञ्चालन स्वीकार्य हुन सक्दैन ।

विद्यालय सञ्चालनसम्बन्धी विषयमा अर्का सञ्चालक पोखरेलसँग उत्पन्न विवाद समाधानका लागि पटक-पटक संवाद, मौखिक ताकेता तथा लिखित निवेदन दिए पनि हालसम्म कुनै सकारात्मक पहल नभएको अवस्था गम्भीर चिन्ताको विषय बनेको छ । यसका कारण विद्यालयको शैक्षिक, प्रशासनिक र भौतिक व्यवस्थापन दिनप्रतिदिन अस्तव्यस्त बन्दै गएको छ, जसको प्रत्यक्ष असर विद्यार्थीको वर्तमान र भविष्यमा पर्न सक्ने स्पष्ट देखिएको छ ।विद्यालय सञ्चालन भइरहेको भवन तथा जग्गा मेरो निजी स्वामित्वमा रहेको छ । तर उक्त भवन हाल जीर्ण अवस्थामा पुगिसकेको हुँदा त्यहाँ विद्यालय सञ्चालन गर्दा भविष्यमा हुन सक्ने कुनै पनि दुर्घटनाको जिम्मेवारी म लिन सक्दिनँ । यदि कुनै अप्रिय घटना घटेमा त्यसको सम्पूर्ण नैतिक तथा कानुनी जिम्मेवारी सम्बन्धित निकाय र लापरवाही गर्ने पक्षले लिनुपर्ने कुरा सार्वजनिक रूपमा स्पष्ट पार्न चाहन्छु ।

यसका साथै, विगत केही वर्षदेखि विद्यालयको नियमित लेखापरीक्षण नहुनु, कम्पनी अद्यावधिक नगरिनु, विद्यालय व्यवस्थापन समिति तथा सञ्चालक समितिका बैठकहरू नबस्नुजस्ता कारणले विद्यालय जुनसुकै बेला बन्द हुने जोखिमपूर्ण अवस्थामा पुगेको छ । यस्तो अनिश्चित र अव्यवस्थित परिस्थितिमा नयाँ भर्ना खुला राख्नु भनेको बालबालिकाको भविष्यसँग प्रत्यक्ष खेलवाड गर्नु हो, जुन कदापि स्वीकार्य छैन ।बालबालिका सम्बन्धी ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्याभूत गरेको बालबालिकाको शिक्षा, सुरक्षा र अधिकार विपरीत भइरहेका यस्ता गतिविधिप्रति सम्बन्धित निकाय मौन बसिरहनु दुःखद र चिन्ताजनक छ ।

विद्यालयको अवस्थाबारे कनकाई नगरपालिकासहित सम्वन्धित निकायलाई यसअघि नै जानकारी गराइसकिएको छ । अवश्य पनि कनकाई नगरपालिकासहितका सम्वन्धित निकायले यस विषयमा चासो लिन्छ भन्नेमा म विश्वस्त छु । यसअघि कनकाई नगरपालिकासहितका सरोकारवाला निकायलाई जानकारी गराएको विषयलाई सारांशमा पुनः एक पटक स्मरण गराउन चाहन्छु ।

- विद्यालय सञ्चालन भइरहेको भवनको तत्काल प्राविधिक परीक्षण गरियोस् ।
- विद्यालय सञ्चालन गर्न मिल्ने वा नमिल्ने विषयमा यथाशीघ्र स्पष्ट निर्णय होस् ।
- घरबहाल, वित्तीय पारदर्शिता तथा विद्यालयको कानुनी हैसियतबारे स्पष्ट निर्देशन दिइयोस् ।
- आवश्यक परे बालबालिकाको शैक्षिक भविष्य सुरक्षित हुने वैकल्पिक व्यवस्था तुरुन्त लागू गरियोस् ।

यदि यथाशीघ्र जिम्मेवार निर्णय र आवश्यक कारबाही नभएमा, त्यसबाट उत्पन्न हुने कुनै पनि शैक्षिक, भौतिक वा कानुनी परिणामको सम्पूर्ण जिम्मेवारी म एक्लैले लिन नसक्ने कुरा सार्वजनिक रूपमा स्पष्ट गर्दछु ।

म सबै अभिभावक, विद्यार्थी तथा समुदायलाई यो विषय कुनै व्यक्तिगत विवाद नभई बालबालिकाको शिक्षा र सुरक्षासँग प्रत्यक्ष जोडिएको गम्भीर सार्वजनिक सरोकारको विषय भएको बुझ्न आग्रह गर्दछु । शिक्षा क्षेत्रमा राजनीति, लापरवाही वा उदासीनता कुनै पनि हालतमा सह्य हुन सक्दैन ।

विद्यालयमा देखिएको यस विवादका विषयमा मैले पटक-पटक स्थानीय सरकार कनकाई नगरपालिका, शिक्षा शाखा, वडा नं. ८ को कार्यालय, पाथीभरा एकेडेमी झापा प्रा.लि.को सञ्चालक समिति तथा शिक्षा विकास तथा समन्वय इकाई चन्द्रगढी, झापालाई लिखित रूपमा जानकारी गराइसकेको छु । तर, अपेक्षित सुनुवाइ नभएपछि बाध्य भएर पत्रकार महानुभावहरूमार्फत यो विषय सार्वजनिक गर्नुपरेको हो । विद्यार्थीहरूको भविष्य सुनिश्चितताका लागि यहाँहरूबाट सकारात्मक सुझाव र पहल हुने विश्वास लिएको छु

अन्त्यमा, आम शिक्षाप्रेमी, नागरिक समाजका अगुवा, सम्वन्धित सरोकारवाला निकाय, अभिभावकज्यूहरुलाई बालबालिकाको भविष्य सुनिश्चित गर्न रचनात्मक सहयोग पुऱ्याइदिन हुन नम्र निवेदन गर्दछु ।

**रवि पोद्धार - सञ्चालक**
**पाथीभरा एकेडेमी झापा प्रा.लि.**
कनकाई नगरपालिका-८, लक्ष्मीपुर, झापा

## ४८ जना एसपीको सरुवा

# झापामा बसुन्धरा खड्का आउँदै



झापा, माघ ५ । गृह मन्त्रालयले ४८ जना प्रहरी उपरीक्षक( एसपी) को सरुवा गरेको छ ।
यसक्रममा जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत एसपी राजन लिम्बूको पनि सरुवा भएको छ । उनको मानव बेचबिखन अनुसन्धान व्यूरो अनुसन्धान व्यवस्थापन शाखा काठमाण्डौंमा सरुवा भएको हो ।
लिम्बूको ठाउँमा बाग्मती प्रदेश प्रहरी कार्यालय मानव स्रोत व्यवस्थापन महाशाखा हेटौडाबाट बसुन्धरा खड्का आउने भएकी छन् । झापामा पहिलो पटक महिला प्रहरी प्रमुख आउन लागेकी हुन् ।

# बिर्तामोडमा मोटरसाइकल र अटो ठोक्किँदा युवतीको मृत्यु

झापा, माघ ५ । झापाको बिर्तामोडमा मोटरसाइकल र अटो ठोक्किँदा एकजना युवतीको मृत्यु भएको छ ।
आइतवार राति १०.५० बजे बिर्तामोडको अधुवा खोला पुलछेउ पूर्वपश्चिम राजमार्गमा लक्ष्मीपुरदेखि मुक्तिचौकतर्फ आउँदै गरेको प्र.१-०२-०४२ प.१९०४ न.को मोटरसाइकलले वानस्टप मलदेखि अधुवा खोलातर्फ जाँदै गरेको मे.१ ह.३७२१ न.को अटोलाई ठक्कर दिएको थियो ।
दुर्घटनामा मोटरसाइकल चालक गौरादह वडा न.३ बस्ने बर्ष २४ का निरज कार्की र मोटरसाइकलमा पछाडी सवार दमक बस्ने बर्ष २२ की सुजाता बुढाथोकी घाइते भएका थिए । टाउकोमा चोट लागेर गम्भीर घाइते भएकी सुजातालाई बिर्तामोडस्थित बीएण्डसी अस्पताल लगिएको थियो । उपचारका क्रममा मंगलवार बिहान ४ बजे उनको मृत्यु भएको हो । शव सोही अस्पतालमै रहेको छ ।
दुवै सवारी साधन,अटो चालक अर्जुनधारा वडा न.६ बस्ने बर्ष ३४ का खेमराज खड्का र मोटरसाइकल चालक कार्कीलाई सामान्य उपचारपश्चात् नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोड राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# दुर्गा प्रसाई पोखराबाट पक्राउ

झापा, माघ ५ । निर्वाचन आयोगको विश्वसनीयतामाथि आँच आउने गरी भ्रामक प्रचार गरेको आरोपमा बीएण्डसी अस्पतालका संचालक एवं राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं सोमबार पोखरामा पक्राउ परेका छन् । उनलाई पोखरा विमानस्थल नजिकैबाट कास्की प्रहरीले नियन्त्रणमा लिएको हो ।
प्रसाईंले नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षले निर्वाचन आयोगलाई ५२ करोड रुपैयाँ बुझाएर निर्वाचन नतिजा आफ्नो पक्षमा पारेको भन्दै एक भिडियो सार्वजनिक गरेका थिए । सोही विषयलाई लिएर आयोगले अनुसन्धानका लागि प्रहरीलाई पत्राचार गरेपछि उनलाई पक्राउ गरिएको कास्की प्रहरी प्रवक्ता डीएसपी हरिबहादुर बस्नेतले बताए ।
निर्वाचन आयोगले प्रसाईंको अभिव्यक्तिले संवैधानिक निकायको प्रतिष्ठामा गम्भीर आघात पुऱ्याएको ठहर गर्दै कारबाहीका लागि नेपाल प्रहरीको दुईवटा युनिटलाई पत्राचार गरेको थियो । सामाजिक सञ्जालमार्फत भ्रम फैलाएको विषयमा डिजिटल फरेन्सिक अनुसन्धानका लागि प्रहरीको साइबर ब्युरो र पक्राउ पुर्जी कार्यान्वयन र थप कानुनी प्रक्रिया अघि बढाउनका लागि जिल्ला प्रहरी परिसर, काठमाडौंलाई आयोगले पत्र पठाएको थियो ।

प्रसाईंले केही दिनअघि सार्वजनिक गरेको एक भिडियोमा कांग्रेसभित्रको आन्तरिक विवाद र निर्वाचनको प्रसङ्ग जोड्दै आयोगका पदाधिकारीहरूले मोटो रकम लिएर नतिजा हेरफेर गरिदिएको दाबी गरेका थिए । आयोगले उक्त दाबी पूर्णतः निराधार, भ्रामक र संस्थाको छवि धमिल्याउने नियतले आएको भन्दै गृह मन्त्रालयमार्फत प्रहरीलाई उजुरी गरेको थियो ।

प्रहरीका अनुसार उनलाई पोखराबाट काठमाडौं लैजाने तयारी भइरहेको छ । काठमाडौं ल्याएपछि उनीमाथि साइबर अपराध वा सार्वजनिक शान्तिविरुद्धको कसुरमध्ये कुन मुद्दा चलाउने भन्नेबारे थप परामर्श हुने प्रहरीले जनाएको छ ।

## केपी...

राजीनामा गरेको छु, फुर्सदमा छु। पहिलो पटक जनकपुर आएर भाषण गर्दैछु।'
बालेनको सम्बोधनका क्रममा शब्द-शब्दमा 'बालेन-बालेन' का नारा लगातार लागिरहेका थिए। 'प्रदेशलाई अझ मजबुत बनाइनेछ। प्रदेशको काम वडामा धारा जोड्ने होइन,' उनले भने, 'दुई-तीनवटा पालिकासँग जोडिएका काम गर्नुपर्छ।'
उनले जनकपुर प्रदेशको राजधानी भए पनि प्रशासकीय अधिकृत ल्याउन काठमाडौं जानुपर्ने बाध्यता अन्त्य गर्नुपर्ने बताए। 'काठमाडौं अधिकार माग्नै जाऔँ, घुम जाऔँ पशुपति र स्वयम्भू,' बालेनले भने, 'मधेशिया छोरा प्रधानमन्त्री होइते, त्यसकै लागि हो। सही सरकार बनाउनुछ, त्यसैले मत दिनुहोस्।'
सेतो कुर्ता-पाइजामा र कालो हाफ बन्डी लगाएका बालेनले जनकपुरको सभामा गम्छा बेरेका थिए। सोमबार बिहान जानकी मन्दिरमा पूजा गरेर उनी सिरहाको लहान पुगेका थिए, जहाँ मधेश आन्दोलनका क्रममा सहिद भएका स्मारकमा माल्यार्पण गरेका थिए। त्यहाँबाट जनकपुर फर्किने क्रममा उनी धनुषाको मिथिला नगरपालिका-बनिगामा मावली गाउँ पुगेका थिए।
चुनावी सभामा रास्वपा सभापति रवि लामिछानेले जेन-जी आन्दोलनमा बालबालिकामाथि गोली चलाउने सरकारले देश र मधेशलाई गरेको अन्यायको हिसाब गरिने बताएका छन्। लामिछानेले आफूलाई षड्यन्त्र गरेर संसद्बाट निकालिएको दाबी पनि गरे। उनले भने, 'पहिले सबैभन्दा धेरै मत ल्याउने सांसद बनेर संसद् छिरेको थिएँ। अब सबैभन्दा धेरै मत ल्याउने पार्टी बनेर संसद्मा जानेछु।'

उनले बालेनसँग सम्झौता गर्नुअघि भएको कुराकानीको प्रसंग पनि निकाले। उनले बालेन र आफूबीच भेटघाट भएको भोलिपल्ट उज्यालो घाम लागेको अनुभव सुनाए। लामिछानेले उक्त कुराकानीका क्रममा बालेन र आफूले एक-अर्कालाई सपना सुनाएको पनि बताए। उनले भने, 'हाम्रो वार्ता पाँच मिनेटमा सकिएको थियो। थप समय त एक-अर्कासँग राम्ररी चिनजानमा लागेको थियो।'
लामिछानेले कोही मधेशवादी र कोही हिमालवादी नभएको बताउँदै भने, 'यहाँ कोही मधेशवादी छैनन्। सबै नेपालवादी हुन्।'

रास्वपाले यसअघि मधेशमा उन्नत बिउ रोपेर गएको भन्दै अब सपना पूरा भएको दाबी गरेको छ। 'हामीलाई धेरैले भने–मधेशमा त धेरै भोट ल्याउनुभएन, मधेशका जनताले तपाईंलाई माया गर्दैनन्। तर मलाई थाहा थियो मधेशले माया गर्छ,' लामिछानेले भने, 'त्यसैले त मधेशमा उन्नत बीउ रोपिएको थियो। त्यो बीउ आज हुर्किएर फल लागेर लहलह भएको छ। आजको उपस्थिति त्यही हिजो रोपेको बीउ हो। यो बीउ मात्र होइन, तपाईंका तमाम आँखामा देखिएका सपना हो। अब त्यो सपना खोसेर मधेशले फिर्ता लिन्छ। मधेशमा ढिलो आए पनि ठीक समयमा आयो।'
सभामा पार्टीका उपसभापति डीपी अर्यालले मधेशलाई चिन्ने र विकास गर्ने नेता नहुँदा मानव विकास सूचकांकमा मधेश पछाडि परेको बताए। उनले मधेशको विकाससँगै देशको उन्नतिका लागि मधेशले प्रधानमन्त्री पाउन लागेको दाबी गरे।

अर्का उपसभापति स्वर्णिम वाग्लेले रास्वपा संघीयताविरोधी नरहेको बताए। 'रास्वपा संघीयताविरोधी नरहेको सन्देश जनकपुरको सभाले पनि दिएको छ,' उनले भने, 'तर संघीय ढाँचामा सुधार आवश्यक छ। संघीयताको नाममा भएका बदमासी र विकृतिको अन्त्य गर्नुपर्छ।'

सभाबाटै पार्टी प्रवेश गरेका अमरेशकुमार सिंहले आफूलाई रवि-बालेनको सिपाही भन्दै बालेन प्रधानमन्त्री हुने दाबी गरे।
रास्वपा नेता सोबिता गौतमले पार्टीले मधेशको छोरालाई प्रधानमन्त्री बनाउन लागेको बताइन्। मधेशमा जन्मिएका बालेनलाई रास्वपाले प्रधानमन्त्री बनाउने उनको भनाइ थियो। देशको अवस्था परिवर्तनका लागि मधेश अग्रपंक्तिमा उभिनुपर्ने भन्दै उनले भनिन्, 'यो देशको भाग्य परिवर्तनका लागि मधेशको अगुवाइ हुनैपर्छ।'

# कार्वाही गर्न खोजेको स्वागतलाई राप्रपाले बनायो उम्मेद्वार



झापा, माघ ५ । २०७९ सालको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीले कानुनी कार्वाही गर्न लागेका स्वागत नेपाललाई नै झापा २ को उम्मेदवार बनाएको छ ।
अघिल्लो निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएका स्वागत नेपालले आफूलाई राप्रपाले सघाउने प्रचार गरेका थिए । त्यस कार्यको विरुद्धमा राप्रपाले विज्ञप्ति जारी गरी त्यसबेला झापा क्षेत्र नं २ का स्वतन्त्र उम्मेदवार तथा उन्नत लोकतन्त्र पार्टीका पूर्व अध्यक्ष स्वागत भनिने भद्रबहादुर नेपाललाई सघाउने कुनै पनि सहमति नभएको भन्दै राप्रपाका नाममा गलत क्रियाकलाप गरेको पाईएमा तुरुन्तै कानूनी उपचार खोज्ने चेतावनी दिएको थियो ।
अघिल्लो निर्वाचनमा राप्रपाले एमालेसंग चुनावी तालमेल गरेको थियो । त्यस निर्वाचनमा नेपाल उपविजेता बनेका थिए । एमालेका देवराज घिमिरे २८ हजार ७१६ मतसहित निर्वाचित हुँदा नेपालले २६ हजार ४५५ मत ल्याएका थिए ।
राप्रपामा प्रवेश गरी उम्मेदवार बनेका नेपाल केही महिनाअघि दुर्गा प्रसाईको राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ अभियानसंग जोडिएका थिए ।

गत वर्षको चैत १५ गते दुर्गा प्रसाईले हिंसात्मक प्रदर्शन गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता रविन्द्र मिश्र , महामन्त्री धवलशमसेर राणासहित अधिवक्ता नेपाल पनि पक्राउ परेका थिए ।

# देउनिया खोलामा डुबेर टुडुको मृत्यु



झापा, माघ ५ । भद्रपुर वडा नं. १० सुकुम्वासी बस्तीस्थित देउनिया खोलामा डुबेर एकजनाको मृत्यु भएको छ । सोमवार बिहान १०:५० बजे देउनिया खोलामा डुबेर भद्रपुर ७ बस्ने ३६ वर्षीय ताला मर्डीको मृत्यु भएको हो । उनी खोलामा घोप्टो परि डुवी मृत अवस्थामा फेला परेका थिए ।
जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी टोली खटिएर शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको थियो । पोस्टमार्टमपश्चात् मृतककी श्रीमती उर्मिला टुडुले शव बुझिलगेको प्रहरीले जनाएको छ ।


# प्रेस विज्ञप्ती

नेपालमा जम्मा ४१११ हेक्टर क्षेत्रफलमा सुपारी खेती गरिन्छ । यसबाट वार्षिक प्रशोधित सुपारी १४६१७मेट्रिक टन उत्पादन हुन्छ भन्ने नेपाल सरकारको पुरानो तथ्याङ्क छ । बिगत ४/५ वर्ष यता झापा जिल्लाका प्राय जसो प्रत्येक किसानको खेतमा रोपन बढेको छ। धेरै भन्दा धेरै ग्रामीण महिलाहरुले ६ महिना रोजगारी पाउछन पुरुषशरुले पनि रोजगारी पाउछन । यो सजिलो खेती भएकोले हालमा झापा, मोरङ र सुनसरीमा प्राय सबैले धेर थोर सुपारी रोपण गरि रहेका छन । रोपण क्षेत्र बढी रहेको छ । क्रमस यसबाट उत्पादन बढी रहेको छ । तर सरकारले यस खेतीको विगत १५ वर्ष यता तथ्याङ्क संकलन गरेको छैन । सुपारी किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम छैन । नाम मात्रको झापामा सुपारी जोन कार्यक्रम राखिएको छ । झापामा मात्रै ३५०० हेक्टरमा सुपारी खेती हुन्छ । यो क्षेत्रफल ३ वटा सुपारी सुपरजोन कार्यक्रम सञ्चालन गर्न पुग्ने क्षेत्र हो । तर सरकारले ७८८ हेक्टर क्षेत्रफलको सुपारी जोन कार्यक्रमका लागि वार्षिक २३ लाख बजेट दिन्छ, त्यसमा पनि किसानले साझेदारी गर्नु पर्ने अनिवार्यता छ ।

यसका वावजुद हामी किसानहरुले खेती गरि उत्पादन बढाई रहेका छौं । तर सरकारले सुपारीलाई हिरोइन, हेसिस, चरेस, गाँजा जस्तो गरेर निगरानी गर्छ । एउटा पालिका भित्र ओसार पसार गर्न दिदैन, एउटा जिल्ला भित्र ओसार पसार गर्न दिदैन सरकारले नै विदेशी सुपारी आयात गर्न अनुमति दिएर यस खेतीलाई दुरुउत्साहन गरेको छ । नेपालको सुपारी नेपालमा प्रशोधन गरेको प्रमाणित भएको सुपारी पनि प्रकाउ गरि इटहरि राजश्व कार्यालयमा दाखिल गर्छ र ६० देखि ७० हजारसम्म जरिवाना गर्दछ । सरकारको तथ्याङ्कमा सुपारी उत्पादन हुन्छ भनेर प्रमाणित छ । यसलाई वेचविखन गर्नुपर्छ भन्ने प्रचलित नियम हो थाहा हुनुपर्छ सरकारलाई । तर यस्तो ज्यादती किन गरिन्छ सरकारलाई पश्न छ ? विदेशी चिनी आयात गरेर यहाँको उखु खेती मासे जस्तै सुपारी खेती फाड्नु भनेर अघोधितरुपमा भनेको हो कि के हो ? यदि फाइनु भनेको हो भने घोषणा गरि दिँदा प्रष्ट हुनेथियो । होइन भने देशको यत्रो उत्पादन, उत्पादन बढ्दो क्रममा रहेको अहिले कै तथ्याङ्क अनुसारको उत्पादनबाट मात्र पनि वार्षिक ५ अर्ब भन्दा बढीको कारोबार हुने सुपारी खेतीका बारेमा सरकारले सहजीकरण गरि दिएर ओसार पसार बन्द व्यापार गर्न उचित व्यवस्था मिलाई दिएको छैन । नेपालमा सञ्चालित सुपारीजन्य उद्योगले नेपालमा उत्पादित सुपारी प्रयोग गर्दैनन् । सरकारले नेपालमा उत्पादित सुपारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गरेको छैन । गुट्खा उद्योगलाई चाहिने सुपारी आयात गर्न इजाजत दिएको छ भने नेपालमा उत्पादित सुपारी विदेश निर्यात गर्ने कार्यलाई निरुत्साहित गर्दै २०७५ आवण १६ गते राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले उद्योग वाणिज्य मन्त्रालयलाई निर्देशन गर्दा उल्लेख गरेको छ । नेपालमा व्यापक सुपारी खेती भएतापनि कृषि उत्पादनमा सुचिकृत छैन । यसकारणले हात्तीद्वारा नोक्सानी हुँदा राहत / क्षतिपुर्ति पाइरहेको छैन ।

हाम्रा मागहरु:
१. सुपारी उत्पादनलाई राष्ट्रिय कृषि उत्पादनमा सुचिकृत गरिपाउँ ।
२. सुपरजोनको मापदण्ड अनुसार सुपारी सुपरजोन कार्यक्रम लागु गरिपाउँ ।
३. नेपालमा सञ्चालित सुपारीजन्य उद्योगले प्रयोग गर्ने सुपारीको ५०% स्थानिय उत्पादन अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था गरिपाउँ ।
४. नेपालमा उत्पादित सुपारी नेपाललाई पुगेर भारत निकासी गर्न पुगिरहेको अवस्थामा विदेशी सुपारी आयात गर्ने अनुमती दिने सरकारले निर्णय गरेको जानकारी भएकोले आयात गर्ने व्यवस्था तुरुन्त खारेज गरिपाउँ ।
५. आर्थिक वर्ष २०६६/०६७ देखि यता सुपारी खेतीको क्षेत्रफल तथा उत्पादनको तथ्याङ्क संकलन नगरिएको हुँदा यथासिग्र तथ्याङ्क संकलन गरि स्वदेशी उद्योग र नागरिकलाई आवश्यक पर्ने बजार प्रक्षेपण गरि सोभन्दा माबिको मात्राको सुपारी निर्यात गर्न रहेको डि.एन.ए परिक्षणको झमेला हटाई भारत तथा पाकिस्तान जस्ता देशहरुमा सरल र उचित निकासिको व्यवस्था गरिपाउँ ।

थिरप्रसाद खतिवडा
ईन्चार्ज

मुक्तिनाथ गौतम
सचिव

नीलकण्ठ तिवारी
अध्यक्ष

## सुपारी उत्पादक किसान संघ

केन्द्रिय कार्य समिति, केन्द्रिय कार्यालय दमक ९, झापा


# इप्रका दमकबाट लुटिएको इन्सास राईफलको गोली फेला



झापा, माघ ५ । जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको हतियारको गोली फेला परेको छ ।
आइतवार दिउँसो ३:४५ बजे दमक ८ अर्गानिक कृषि भवनको पूर्वपट्टी गेटछेउमा ढुंगाको चेपमा कालो प्लाष्टिकमा पोको पारी लुकाई राखेको अवस्थामा इन्सास राईफलको २१ राउण्ड गोली फेला परेको हो ।

उक्त गोली इप्रका दमकबाट जेनजी आन्दोलनको क्रममा लुटिएको प्रहरीले जनाएको छ ।

# यसवर्ष धान उत्पादनमा ४ प्रतिशतले कमी हुने

झापा । कृषि तथा पशुपंछी विकास मन्त्रालयले यस वर्ष धान उत्पादनमा गत वर्षको तुलनामा दुई लाख ५० हजार ३५० मेट्रिक टन कमी हुने जनाएको छ ।
मन्त्रालयले देशभर धान बालीको क्षेत्रफल र उत्पादकत्वमा कमी आएका कारण यस वर्ष ५७ लाख पाँच हजार १२६ मेट्रिकटन धान उत्पादन हुने



प्रक्षेपण गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।
गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएको थियो । गत वर्षको तुलनामा धान उत्पादनमा ४.२० प्रतिशतले कमी आएको हो ।
आर्थिक वर्ष २०८१-८२ मा धान बाली भित्र्याइएको कूल क्षेत्रफल १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफल रहेकोमा चालु आवमा ३.८ प्रतिशतले घटेर १३ लाख ७६ हजार ८७२ हेक्टर क्षेत्रफल कायम छ ।
मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार उत्पादकत्व गत आवमा ४.१९ मेट्रिक टन प्रतिहेक्टर रहेको थियो ।
युवा पलायन, बसाइँसराइ फलफूल तथा नगदे बालीको क्षेत्रफलमा भएको वृद्धि, तराई एवं सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनको औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माणमा प्रयोग जस्ता कारणले धानखेतीको क्षेत्रफलमा केही कमी आएको छ ।

मधेस प्रदेशमा विशेष गरी धान लगाउने समयमा परेको खडेरीका कारण धान लगाएको क्षेत्रफलमा कमी आई धानको क्षेत्रफल घटेको हुँदा समग्रमा धान बालीको क्षेत्रफलमा कमी आएको हो ।

चालु आर्थिक वर्षमा उन्नत बीउबिजन र मलखादको पर्याप्त उपलब्धता हुँदाहुँदै प्रतिकुल मौसमका कारण उत्पादकत्वमा केही कमी आएको सूचना अधिकारी जोशीले जानकारी दिए ।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।



## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरूः**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

**१. हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

**२. तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

**३. भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

**४. बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

**५. आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

**६. लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

**७ सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔं, दुर्घटनाबाट जोगिऔं।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गंभीर भएर उम्मेदवार छान्नुस्

आगामी फागुन २१ गतेको निर्वाचनका लागि दलहरुले आज प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दैछन् । २१ फागुनको निर्वाचनका लागि प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता भएसँगै निर्वाचनको माहोल अझै तातिनेछ, निर्वाचन क्षेत्रसम्मै चुनावी तरंग विस्तारित हुनेछ । घरदैलोमा अनेक रुपमा आउने उम्मेदवारहरुलाई जनताले चिन्नु पर्छ । जनताले न्याय गर्नुपर्ने बेला आएको छ । राजनीतिक दलहरूले पनि हेक्का राख्नुपर्ने बेला आएको छ ।

आउँदो फागुन २१ मा हुने चुनावमा मतदाताले आश, त्रास, भ्रम र जालमा नपरी मतदान गर्नुस् । उम्मेदवार जनताप्रति कति धेरै इमान्दार छन् पहिले नै बुझेर वा नियालेर हेर्नुस् । तस्करका पैसाबाट निर्वाचनका साधन र प्रचार शैली पनि ध्यान दिएर अध्ययन गर्नुस् । बुथमा हुने खर्चका तरिका र बुथमा बस्ने प्रतिनिधिको व्यवहार र चालचलन मसिनुसँग विचार गर्नुस् । गाडी सवारी र तामझामका तरिका, खर्चको खोलो, खुवाइको हैसियत, बेलुकाका रमझम दिउँसोको खाजालगायतको लेखाजोखा राख्नुस् । कस्ता गाडी, कति गाडी, कस्ता र कहाँका मान्छे याद गर्नुस् । पाए पैदल हिंडने, साइकलमा हिंड्ने, पुरानो मोटरसाइकलमा हिंड्ने, खाजा पनि निस्तो चिउरा खाँदै हिंड्ने तर सोच विचार आधुनिक वैज्ञानिक स्वाभाविक सामान्य नीति, भविष्य धेरै परसम्म देखेका जनमुखी आचरण भएका नेता हेर्नुस् । त्यस्तै, जेन–जी आन्दोलनको मर्मको बोध पनि अर्को अपरिहार्य विषय हो । २३ र २४ भदौको जेन–जी आन्दोलनले अहिलेको राजनीतिक कोर्स तय गरेको हो । यस आन्दोलनका केही मूलभूत विषय छन् । सुशासन, नीतिगत प्रष्टता, नयाँ पुस्तालाई राजनीतिक जिम्मेवारी जस्ता विषय आन्दोलनले खोजेको छ । यसका लागि दलहरूको दुई किसिमको जिम्मेवारी छ । पहिलो, उम्मेदवार नै यस्तो चयन गर्न सक्नुपर्‍यो कि ऊ सुशासनको योद्धा हुनेछ भनेर जनताले पत्याउन् ।

भ्रष्टाचारको आरोप लागेका, पदीय जिम्मेवारी पूरा नगरेका, अघिल्लो निर्वाचनमा गरेका वाचा अलपत्र छाडेका, गुन्डा नाइकेहरूले सुशासनको एजेन्डा बोक्न सक्दैनन् । त्यसको वकालत गर्ने सामर्थ्य पनि राख्दैनन् । अब पनि त्यस्ता व्यक्तिलाई टिकट दिनु भनेको जेन–जी आन्दोलनको भावना र सन्देशलाई अवमूल्यन गर्नु हो । यस सन्दर्भमा नागरिक समाजको भूमिका अपेक्षित छ । उनीहरूले दलहरूलाई निगरानी र खबरदारी गर्नुपर्छ । दलहरूले बलमिच्याइँ गरेर जथाभावी उम्मेदवार पठाए भने मताधिकारमार्फत जवाफ दिने अधिकार जनतासमक्ष छ ।

त्यसैले दलहरूले आफ्नो उम्मेदवार टुंग्याउँदा आसेपासेलाई भन्दा अहिलेको विशेष समयको बोध गर्न र यसले माग गर्ने एजेन्डा बोक्न सक्छन् कि सक्दैनन् भनेर हेक्का राख्न जरुरी छ । हाम्रा कलिला छोराछोरीमाथि गोली प्रहार गर्ने उम्मेदवारलाई तिरस्कार गर्नुस् । जनताको सेवकलाई जनप्रतिनिधि बनाउनुस् ।




# योग्य उम्मेदवार छान्नुस्



• रामनारायण विडारी

म जन्मेको देशमा बेठिक शासकले शासन गरिरहेको देख्नु परेकाले आत्मा गलित भएर आउँछ । आफ्नै आँखाअगाडि छर्लङ्ङै अपराध कर्म भइरहँदा टुलुटुलु हेरेर बस्नुपर्ने अभिशाप हो । घाम लागेको बेलामा हुलका हुल मानिस निर्दोष नागरिकको घरमा पसेर लुटपाट वा डकैती गरिन्छ । अन्त्यमा आगजनी पनि हुन्छ, यसमा राज्य संयन्त्र देखिँदैन । आँखा अगाडि आफ्नै घरसम्पत्ति जलेको हेर्न बाध्य मात्र होइन उजुरी गर्नसम्म पाइएन । यी त भए हुल, आतङ्क र राज्यविहीनताका कुरा । लोकतान्त्रिक व्यवस्थामा सरकारमा बसेकाबाट कानुनविपरीतका काम भएको सुन्दा र देख्दा असह्य हुन्छ । ती कुरा व्यक्त गर्नसमेत सकस छ । त्यसैले जनतामा आह्वान गर्नुपर्ने बेला आएको छ । जनताले पनि न्याय गर्नुपर्ने बेला आएको छ । राजनीतिक दलहरूले पनि हेक्का राख्नुपर्ने बेला आएको छ ।

आउँदो फागुन २१ मा हुने चुनावमा मतदाताले आश, त्रास, भ्रम र जालमा नपरी मतदान गर्नुस् । उम्मेदवार स्वदेशबाट सञ्चालित कि विदेशबाट सञ्चालित हो पहिले नै बुझेर वा नियालेर हेर्नुस् । तस्करका पैसाबाट निर्वाचनका साधन र प्रचार शैली पनि ध्यान दिएर अध्ययन गर्नुस् । बुथमा हुने खर्चका तरिका र बुथमा बस्ने प्रतिनिधिको व्यवहार र चालचलन मसिनुसँग विचार गर्नुस् । गाडी सवारी र तामझामका तरिका, खर्चको खोलो, खुवाइको हैसियत, बेलुकाका रमझम दिउँसोको खाजालगायतको लेखाजोखा राख्नुस् । कस्ता गाडी, कति गाडी, कस्ता र कहाँका मान्छे याद गर्नुस् । पाए पैदल हिंडने, साइकलमा हिंड्ने, पुरानो मोटर साइकलमा हिंड्ने, खाजा पनि निस्तो चिउरा खाँदै हिंड्ने तर सोच विचार आधुनिक वैज्ञानिक स्वाभाविक सामान्य नीति, भविष्य धेरै परसम्म देखेका जनमुखी आचरण भएका नेता हेर्नुस् ।

सिद्धान्त देशमुखी भएका, गरिबमुखी डोके, नाम्ले र खर्पन बोक्नेको हित र विकास हुने प्रकारका नीति बोकेका, स्वदेशी सामान सकेसम्म प्रयोग गर्ने श्रमजीवीलाई कदर गर्ने विदेशी छिमेकीसँग पञ्चशीलको सिद्धान्तबमोजिम मित्रता कायम गर्न ध्यान दिने उम्मेदवार छान्नुहोस् । देशको ढुकुटी चलाइसकेका, कार्यकारिणी पदमा बसेर मोज गरिसकेका, प्रधानमन्त्री, मन्त्री भइसकेका, यो देश र परदेशमा दुवै सन्तान बाँडिएर बसेका, दुवैतिर परिवार बाँडिएर नागरिक बनिसकेका, दोहोरो घरबार भएकालाई छानी छानी हराइदिनुस् । यो तपाईंको हातमा दर्जनौं दर्जन कलिला बालबालिका सहिद भएर अकस्मात् आएको यो अवसर हो, यसलाई दुरुपयोग नगर्नुस् सदुपयोग गर्नुस् ।

राजनीतिक दलले पनि दलको नेतृत्व सकेसम्म परिवर्तन गर्नुस् । किनकि यी नेतृत्वको क्रिया प्रतिक्रिया हेरिसकियो । देश झन् गरिब हुँदै गयो । जनताको थाप्लोमा विदेशी ऋण थपिँदै गयो । युवाले रोजगारी पाएनन् । मजदुरी गर्न पनि विदेशीकहाँ जानु पर्‍यो । यसको दोष पटक पटक दल हाँकेकाले लिनै पर्ने हो । यिनका नेतृत्वबाट देश विकास होइन, विनाशतिर लाग्यो । नीति फेर्नुस्, नेता फेर्नुस् । युवा नेतृत्व चयन गर्नुस् । नयाँ सोच भएको, इमानमा दाग नलागेको नेता बनाउनुस् । यतिले मात्र पुग्दैन चालिस वर्षमुनिका युवालाई पचास प्रतिशत उम्मेदवार बनाउनुस् । मन्त्री, प्रधानमन्त्री बनिसकेकालाई अपवादबाहेक उम्मेदवार नबनाउनुस् । श्रमलाई प्राथमिकता दिने आधुनिक जमानामा मिसिएको दूरदृष्टि भएका युवालाई उम्मेदवार दिनुस् ।

चुनावमा जनताले न्याय गर्ने हो भने राजनीतिका लागेका जनप्रतिनिधिले सेवा गर्ने हो । जनसेवा नगर्ने प्रतिनिधिलाई जनताले नै बदल्ने हो । अब यो सिद्धान्त अवलम्बन गर्नु आवश्यक छ । जेनजीहरूले देश र जनताको हितका निम्ति आन्दोलन घोषणा गरे । उपद्रो अपराधीले गरे । यही निहुँमा कलिला बालबालिका या जेनजीले सहादत प्राप्त गरे । ती कलिला बालबालिकाको ज्यानमा तातो गोली बर्साइयो । यही रगतको मूल्यमा तत्कालीन सरकार ढल्यो । देशका सबै निकाय निष्क्रिय भए । यही नेपालको संविधान अनुसार हालको सरकारले सपथ खाएर कार्य गरिरहेको छ ।

निर्वाचन दुई वर्षयता सरेर फागुन २१ मा हुँदै छ । सबै कुराको निर्णय अब निर्वाचनबाटै तय हुन्छ । यसका मालिक जनता हुन् । अब उनीहरूले विवेक प्रयोग गर्नु पर्छ । निर्वाचन धाँधली जनताले आफैँ गरेबाहेक दलले र सरकारले गर्नै सक्दैन । किनकि यो दलीय व्यवस्था हो । दलका कार्यकर्ता वडा वडा वा टोल टोलमा छन् । प्रायः सबै स्थापित दलका कार्यकर्ता सक्रिय छन् । यस्तो अवस्थामा सरकार वा सत्ताले धाँधली गर्नै सक्दैन । कहीँ कतै गरे पनि स्वतः बाहिर फैलिन्छ । तसर्थ मुख्य निर्णायक मतदाता नै हुन् । चुनाव हारजित सामान्य नतिजा हो । प्रक्रिया र सिद्धान्त ठुलो कुरा हो । कुन दलको के सिद्धान्त छ ? कुन दलका व्यक्ति इमानमा अडेका छन् यो मसिनु गरी हेरिनु आवश्यक छ । हल्लाको भरमा, सामाजिक सञ्जाल फेसबुके कुरा, नक्कली आइडी बनाएर बकवास गरेका कुरा, अन्य सामाजिक सञ्जालमा उल्लीबिल्ली लगाएको कुराले भ्रममा पर्नु/पार्नु हुँदैन ।

चुनाव एक सर्भे हो । समाज जस्तो त त्यस्तै चिन्नु जान्नु सर्भे हो । हाम्रो समाज राजनीतिक चेतनामा अलि पछि परेको र विश्वासलाई भरपर्दो साधनमा लिइन्छ । विश्वास धोखा हो । विश्वास बदलामा आफैँले चिन्नु जान्नु थाहा हो । थाहा अरूले भनेको भरमा हुँदैन । थाहा आफैँले पाउनु पर्छ । हजारौं किताब पढेर मात्रै थाहा हुँदैन । करोडौंको कुरा सुनेर थाहा हुँदैन । थाहा त अनुभव अनुभूति र साक्षात्कारबाट मात्र पाउन सकिन्छ । हाम्रा दल कस्ता छन् भन्ने कुरा मतदातामा उम्मेदवार कस्ता आए, कति पटक जिते, कति पटक मन्त्री, प्रधानमन्त्री वा सरकारी जागिरमा बसे, उनीहरूका सम्पत्ति हाउभाउ कति र कस्तो छ यो त मतदाताले अध्ययन गरेर अनुभव गर्ने कुरा हो । दल राम्रो भए पनि, नीति राम्रो भए पनि उम्मेदवारको आचरण खराब छ भने जनतालाई भोलि धोखा नै हुने हो ।

गरिबको भोट शोषक, सामन्त र उनीहरूको चाकरलाई पर्नु भनेको पनि धाँधली हो । किसानको भोट सामन्तलाई पर्नु । मजदुरको भोट पुँजीपतिलाई पर्नु वर्गीय दृष्टिबाट धाँधली नै हो । संसद्, कानुन र नीति बनाउने थलो हो । शिक्षा नीति बनाउन निजी विद्यालयका मालिक पठाउने, स्वास्थ्य नीति बनाउन निज अस्पतालका मालिक पठाउने, विकास निर्माणको नीति बनाउन नाफाखोर कालोसूचीमा परेकाहरूलाई पठाउने, कालोसूचीमा साना निर्र्माण व्यवसायीलाई पारेर बिचमा कमिसन खाने निर्माण व्यवसायीका नाममा दर्तावाल ठेकदारलाई पठाउने, मोहीले जग्गाधनीलाई पठाउने गरेर पञ्चायतकालदेखि आजसम्म गरिब जनतामाथि उठ्न सकेनन् । गरिबका छोराछोरी श्रम बेच्न बाध्य विदेशमा छन् । उनीहरूले ज्यान जोखिममा राखेर श्रम गरेको ज्याला आफ्ना परिवार पाल्न पठाएको पैसामा सरकारले दस्तुर लगाएर सोही दस्तुरको पैसाले जापानमा बनेको सवार ीसाधन, बेलायतमा बनेको रक्सी, सामान्य उपचार गर्न बैङ्कक र विदेशीको दास बन्न उपचारका नाममा विदेशीको घाटमा गएर देशको स्वाधीनता बिर्सन थालेका कुरा मतदाताले बिर्सन हुँदैन । पाएसम्म स्वच्छ छवि र इमानमा दाग नलागेका आफ्नै मूलका व्यक्तिलाई जिताऔँ । नसके कम्ती बदमासलाई जिताऊँ । यही नै देशका लागि न्याय हुन्छ । गो.प.

# आन्तरिक राजनीतिमा लुकेको शक्तिकेन्द्र



• ज्योतिकिरण

भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनपछि नेपालको आन्तरिक राजनीतिमा धेरै प्रकारका बहसहरू उठेका छन्। नेपालको राजनीतिले आत्मनिर्णय गुमाउदै आएको हिजोको इतिहास र आज उत्पन्न परिस्थितिको एकैपटक संयुक्त समीक्षा हुन पनि खोजिरहेको छ । जेन्जी आन्दोलनका पछाडि कसको हात छ भन्ने कुराले सर्वसाधारण नेपाली जनमानसमा निरन्तर जिज्ञासा र संशयपूर्ण प्रश्न उब्जिरहेकै छ । नेपालको भूराजनीतिक संवेदनशीलता र आन्तरिक राजनीतिक अस्थिरतालाई नियाल्दा, 'शक्तिकेन्द्र' को भूमिका सदैव निर्णायक, विवादास्पद र बहुआयामिक रहेको पाइन्छ। शक्तिकेन्द्रको अवधारणालाई केवल बाह्य हस्तक्षेपका रूपमा मात्र बुझ्ने नेपाली जनमानसको मनोविज्ञानमा समेत हस्तक्षेपकारी परिवर्तन ल्याउन सफल जेनजीविद्रोह पछि आज नेपाली समाज क्रमश आन्तरिक रूपमा क्रियाशील शक्तिशाली वर्ग, राजनितिक आर्थिक स्वार्थ समूह , र संवैधानिक संस्थाहरूको प्रभावका अवस्थाहरूलाई पनि विश्लेषण गर्नु आवस्यक देखिन्छ ।

**दल र शक्तिकेन्द्रः**

कुनै एक दललाई कुनै एक शक्तिकेन्द्रले खुलेआम अगाडि बढाएको भन्न सकिने ठोस प्रमाण नभए पनि, राजनीतिक घटनाक्रम र दलहरूको झुकावले केही संकेतहरू भने स्पष्ट देखाएका छन् । नेपालका राजनीतिक पार्टीहरु सधैँ नै आन्तरिक खिचातानी र भू-राजनीतिक स्वार्थको जटिल भूमरीमा फसेका छन् भन्ने तथ्यहरु सतहमै देखिएका छन् । दुई ठूला छिमेकी भारत र चीन तथा महाशक्ति राष्ट्र अमेरिकाको बढ्दो चासोका कारण नेपाली राजनीतिक दलहरूको आन्तरिक निर्णय प्रक्रियामा समेत बाह्य शक्तिकेन्द्रको प्रभाव परेको कुरा ःऋत्रऋ, क्एए र द्यच्क्ष जस्ता शक्ति केन्द्रका रणनीतिक 'प्रोजेक्ट कूटनीतिमा' फसेका असन्तुलित भूमिकाहरुले छरपस्ट नै पारिसकेको छ ।

नेपाल दुई विशाल राष्ट्रहरू भारत र चीनको मध्यमा अवस्थित एक 'दुई ढुङ्गाबीचको तरुल' को संवेदनशील भूराजनीतिक स्थितिमा छ । यस कारण, विश्वका महाशक्ति र क्षेत्रीय शक्तिहरूका लागि नेपाल रणनीतिक महत्वको केन्द्र बन्दै आएको छ । शक्ति केन्द्रका यिनै रणनीतिक महत्वहरूमा रुमलिएका अधिकांश नेपालका पुराना प्रमुख राजनीतिक दलहरू अहिले एक प्रकारको अस्तित्व संकटमा आइपुगेका छन्। शक्ति केन्द्रका चासो र महत्त्वहरूमा कुनै न कुनै प्रकारले जोडिएका, आत्मनिर्णयको राजनीतिक मूल्य गुमाएका,अन्तर्राष्ट्रिय स्वार्थ समूहका भरपर्दा नेपाली विश्वास पात्र र पुराना राजनीतिक पार्टीहरु आज किन एकाएक अस्तित्वको संकटमा आइपुगे ? अथवा यस्तो जटिल प्रकारको आन्तरिक राजनीतिक परिवेशको सिकार किन भए दल र तिनका नेताहरु? भन्ने महत्वपूर्ण प्रश्न सगै अब शक्ति केन्द्रहरूले नेपालको आन्तरिक राजनीतिमा कस्तो व्यवस्थापन लागुगर्न खोजेका छन् भन्ने कुरा समेत बुझ्न आवस्यक देखिएको छ। नेपालमा मुख्य गरी बाह्य शक्ति केन्द्रको रुपमा चीन,भारत र अमेरिकालाई बुझ्ने गरिएको छ। नेपालका राजनीतिक दलहरू पनि यिनै शक्ति केन्द्रहरुसँगका सम्बन्ध,निकटता,भूमिका र आशीर्वादमा आफ्नो राजनीति धानिरहेको तथ्यलाई शक्तिकेन्द्रको चासो र उक्त चासोमा दलहरूले खेलिदिएको भूमिकाले पनि प्रमाणित गर्दै आएको छ। जस्तै नेपालको आन्तरिक राजनीतिमा भारतको ऐतिहासिक र सांस्कृतिक निकटता का कारण गहिरो प्रभाव रहँदै आएको छ। २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनादेखि, माओवादीको १० वर्षे हत्या हिंसाको राजनीति र २०६२/६३ को आन्दोलन र संविधान निर्माणसम्मका प्रमुख राजनीतिक र आपराधिक घटनाक्रमहरूमा दिल्ली, दिल्ली सम्झौता र १२ बुँदे सहमति जस्ता पहलहरूले यसको भूमिकालाई प्रष्ट पारेको छ । सरकार गठन, विघटन, र प्रमुख राजनीतिक नियुक्तिहरूमा समेत भारतको 'लविइङ' र अदृश्य चलखेललाई महसुस गरिएको मात्र होइन त्यसमा नेपालका राजनीतिक पार्टी,नेता र कर्मचारी तन्त्रले स्वयं भूमिका खेल्ने गरेका तथ्यले प्रमाणित गर्ने थुप्रै वास्तविकताहरु समेत बाहिरिएका छन्। पछिल्ला वर्षहरूमा चीनको आर्थिक र भूराजनीतिक उदयसँगै नेपालमा उसको प्रभाव पनि बढेको छ। विशेष गरी बीआरआई (द्यभति बलम च्यम क्ष्लष्तष्बतष्खभ) र कम्युनिष्ट पार्टीहरूबीचको सम्बन्ध मार्फत चीनले नेपालको स्थायित्व र असंलग्न परराष्ट्र नीतिमा आफ्नो चासो देखाउँदै आएको छ र सम्पूर्ण दलहरू चीनको चासोमा जोडिएका पनि छन्। अर्का तर्फ अमेरिका र युरोपेली राष्ट्रहरूः लोकतान्त्रिकरण, मानव अधिकार, संघीयता, र समावेशीता जस्ता एजेन्डाहरूको आडमा विभिन्न नियोगहरू, एनजीओ/आईएनजीओहरू र विकास साझेदारी (जस्तैः एमसीसी-ःऋत्रऋ) मार्फत नेपालको राजनीतिमा वैचारिक र आर्थिक हस्तक्षेप गर्न सफल भएका छन् । उनीहरूको चासो विशेषगरी हिन्द-प्रशान्त क्षेत्रको भू-सामरिक प्रतिस्पर्धासँग जोडिएको देखिन्छ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू (क्ष्ँ, ध्यचमि द्यबलप)ः आर्थिक सहयोग र ऋणका माध्यमबाट उनीहरूले नेपालको आर्थिक नीति र सुशासनलाई प्रभावित गर्दै आएका छन्, साँच्चै भन्ने हो भने गणतन्त्रको उपलब्धिको रुपमा दलहरूले व्याख्या गरेका कथित प्राप्तिका ती सूचीहरू सबै पश्चिमा शक्ति राष्ट्का चासोहरु मात्र समेटिएका देखिन्छन्। जसको परिणाम स्वरूप आन्तरिक राजनीतिक निर्णयहरूमा आज नाङ्गो वैदेशिक दबाव सिर्जना भएको छ। बाह्य शक्तिकेन्द्रको प्रभावलाई मलजल गर्ने आधारभूमि नेपालको आफ्नै आन्तरिक शक्ति संरचना हो।प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू र उनीहरूको गुटगत स्वार्थ ले आन्तरिक शक्तिकेन्द्रको काम गरिरहेको छ । उनीहरू राष्ट्रिय हितभन्दा व्यक्तिगत र गुटगत स्वार्थपूर्तिका लागि बाह्य शक्तिसँगको साठगाँठ लाई प्राथमिकता दिन्छन्, जसले गर्दा विदेशी चलखेललाई सधैं सहज बनाइदिएको छ । राष्ट्रपति, प्रधानमन्त्री, र मन्त्रिपरिषद् जस्ता कार्यकारी निकायहरू शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप चल्नुपर्नेमा, उनीहरू दलगत राजनीति र निहित स्वार्थका कारण विवादमा तानिदै आएका छन्, जसले शक्तिको सन्तुलन खल्बलिएको छ भने उच्च तहको कर्मचारीतन्त्रमा व्याप्त राजनीतिकरण, दलीय भक्ति, र भ्रष्टाचार ले गर्दा नीति निर्माण तथा कार्यान्वयन प्रक्रियामा सधैं अस्थिरता र सुशासनको अभाव ले बाह्य चलखेलका लागि मलिलो अवसर सिर्जना गरिदिएको छ ।

**कुन दल कुन शक्तिकेन्द्रमा ?**

नेपालमा विगत लामो समयदेखि कुन राजनीतिक दल कुन शक्ति केन्द्रको निकट हो भन्ने कुराका अनेकौं संकेत र प्रभावहरूका आधारमा हेरिदै र आशंका गरिँदै आएको छन्। नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक दल हो र यसको ऐतिहासिक सम्बन्ध भारतको भारतीय राष्ट्रिय कांग्रेससँग बलियो रहँदै आएको छ। भारतको राजनीतिक नेतृत्वले नेपालमा लोकतान्त्रिक र उदारवादी शक्ति बलियो होस् भन्ने चाहना राख्ने गरेको टिप्पणी विश्लेषकहरू गर्छन्। यसले गर्दा नेपाली कांग्रेसलाई भारतीय 'इस्ट्याब्लिशमेन्ट' को नजिकको दलका रूपमा हेरिन्छ भने कांग्रेसभित्रको भारतीय प्रभाव भित्र अमेरिकाले समेत बलियो स्पेस निर्माण गरेको ठानिन्छ। भने मधेसकेन्द्रित राजनीतिलाई भारतीय पक्षले विशेष चासो दिने गरेको देखिन्छ। सीमा जोडिएको र सांस्कृतिक सम्बन्धका कारण मधेसवादी दलहरूका मुद्दामा भारतको 'सद्भाव' रहने गरेको विश्लेषण गरिन्छ। यी दलहरूका माग र एजेन्डाहरूमाथि भारतीय नेताहरूले सार्वजनिक रूपमा समेत टिप्पणी गर्ने गरेका उदाहरण छन् भने मधेसवादी दल भित्रको भारतीय प्रभावलाई काउन्टर गर्न युरोपियन युनियन र पश्चिमा राष्ट्रहरूले समेत सूक्ष्म रुपमा प्रभाव कायम गरेको बिश्लेषण हुँदै आएको छ। भने चीनले नेपालमा स्थिरता र कम्युनिस्ट एकताको पक्षपोषण गर्दै आएको इतिहास छ। विशेषगरी, सन् २०१८ मा एमाले र माओवादी केन्द्रबीच एकता गराउन चीनले अनौपचारिक रूपमा भूमिका खेलेको चर्चा थियो। चीन नेपालमा कम्युनिस्ट (वामपन्थी) शक्तिको गठबन्धन बलियो भएमा आफ्नो 'बेल्ट एण्ड रोड इनिसिएटिभ (द्यच्क्ष)' जस्ता परियोजनाहरूले सहजता पाउने र पश्चिमी प्रभाव कम हुने ठान्दछ। त्यसैले, कम्युनिस्ट दलहरूलाई एकजुट राख्ने प्रयासमा चिनियाँ चासो रहेको देखिन्छ। तर चीनको यो चासो विरूद्ध एमाले र माओवादी पार्टी भित्र अमेरिका,भारत र युरोपियन युनियनले शसक्त भूमिका विस्तार गरेको बिश्लेषण हुँदै आएको छ।

**शक्ति केन्द्रको नयाँ व्यवस्थापन र भूमिकाः**

नेपालको आन्तरिक राजनीतिमा विशेषगरी पश्चिमा शक्ति केन्द्रले नयाँ व्यवस्थापन चाहेको चर्चा सुरु भएको छ। नेपालमा भएको जेनजी आन्दोलन भित्रको भूमिगत रहस्यलाई पश्चिमी शक्ति केन्द्रसँग जोडेर नेपालमा व्यापक रुपमा व्याख्या र विश्लेषण भइरहेको छ। स्वतन्त्र तिब्बत अभियानसँग जोडिएका मानिसहरूको आन्दोलनमा घुसपेट हुनु, नेपालको अन्तरिम सरकारलाई दलाई लामाको शुभकामना सन्देश प्राप्त हुनु र अन्तरिम सरकारको मन्त्रिपरिषदमा विवादास्पद एनजीओ बारबरा फाउन्डेसनको प्रमुख भूमिका रहनुले पश्चिमी शक्ति केन्द्रको हात छ भन्ने आम आशङ्कामा बल पुगेको छ। पुराना राजनीतिक दलका पार्टी कार्यालयहरू पूर्णरूपमा आगजनीद्वारा ध्वस्त गरिएको छ। दलीय सरकार यही आन्दोलनद्वारा अपदस्त भएको छ। पुराना राजनीतिक दलका नेताहरू जीवन रक्षाका निम्ति सैनिक ब्यारेकमा पुगेका छन्। देशको प्रधानमन्त्री र राष्ट्रपतिले भागेर ज्यान जोगाउनुपर्ने भयानक परिस्थिति पैदा भएको छ। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा एकसाथ हमला भएको छ यसै आगो भित्रबाट अन्तरिम सरकार निर्माण भएको छ। निर्वाचनको मिति घोषणा गरिएको छ र सयौं नयाँ राजनीतिक पार्टीहरु निर्वाचन आयोगमा दर्ता भएका छन्।

यो अवस्था हेर्दा पश्चिमा शक्ति केन्द्रले पुराना राजनीतिक दलहरूसँग पूर्ण रुपमै सम्बन्ध, सहकार्य तोड्न चाहेको र आफ्नो मातहतको आन्तरिक राजनीतिक व्यवस्थापनमा नयाँ राजनीतिक शक्तिकेन्द्र स्थापना गर्न चाहेको छ भन्ने प्रष्ट देखिन्छ । यसो हुनुको एउटै कारण आफ्नो चासोप्रति पुराना राजनीतिक दलहरू अनुदार र अविश्वसनीय रहेको निष्कर्षमा पश्चिमी शक्ति केन्द्र पुगेको देखिन्छ भने दक्षिण एसियाली कूटनीतिमा भारतसँगको सहकार्यमा रहँदै आएको पश्चिमी शक्ति केन्द्रले भारतसँगको उक्त सहकार्य समेत तोडेर दक्षिण एसियामा आफ्नै बर्चस्वपूर्ण प्रत्यक्ष उपस्थिति र भूमिका निर्माण गर्न चाहेको सन्देश दिइरहेको छ ।

**चीन र भारतः**

नेपालको आन्तरिक राजनीतिमा आफ्नो चासोहरू व्यवस्थापन गर्ने सवालमा चीन र भारतले अझै पनि पुराना राजनीतिक दलहरूलाई नै साथमा लिएर अगाडि बढ्न खोजेको देखिन्छ। तर पार्टीभित्रका आन्तरिक द्वन्दहरूले दुवै शक्ति केन्द्रलाई असहज परिस्थिति पैदा गरिरहेको अवस्था छ । जनतामा अत्यन्तै अलोकप्रिय रहेको पार्टी नेतृत्व परिवर्तन गर्न दलहरू सफल भएमा पुराना राजनीतिक दलहरूसँगै सहकार्य गरेर अगाडि जान सहज हुने बुझाइमा चीन र भारत देखिन्छन् । वर्तमान नेपालको राजनीतिक अवस्थाप्रति दुवै छिमेकी असन्तुष्ट र असहज रहेपनि निर्वाचन मार्फत आफ्नो चासो व्यवस्थापन गर्न सकिन्छ भन्ने बुझाइमा दुवै छिमेकी पर्ख र हेरको नीतिमा देखिन्छन् । नेपालको पछिल्लो अवस्थाप्रति चीन र भारतको बुझाइ लगभग समान रहेपनि उनीहरूका आन्तरिक प्रतिस्पर्धा र स्वार्थका कारण साझा रणनीति निर्माण गर्न भने सकिरहेका छैनन्। नेपालको अवस्थाबारे साझा बुझाई हुँदाहुँदै पनि नेपालबारे साझा निर्णय लिन नसक्नु चीन र भारतको परम्परागत कमजोरी हो ।

**निष्कर्षः**

नेपालको आन्तरिक राजनीतिमा शक्तिकेन्द्रको भूमिकालाई द्वि-ध्रुवीय दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ। बाह्य शक्तिहरूको रणनीतिक स्वार्थ र आन्तरिक राजनीतिक नेतृत्वको राष्ट्रिय हितप्रतिको उदासीनता एवं कमजोरी बीचको अन्तर्सम्बन्ध नै नेपालको राजनीतिक अस्थिरताको 'धमिलो मुहान' हो।

नेपाल र नेपालका पार्टीहरुले आफ्नो स्वतन्त्र परराष्ट्र नीति लाई सबल बनाउँदै, छिमेकीहरूसँग समनिकटता र समानतामा आधारित सम्बन्ध कायम गर्नुपर्दछ। साथै, आन्तरिक शक्तिकेन्द्रहरूलाई राष्ट्रिय एकता, सुशासन, र संविधानको पूर्ण कार्यान्वयन को दिशातर्फ उन्मुख गराउनु अपरिहार्य छ। जबसम्म राजनीतिक दलहरू संकीर्ण गुटगत स्वार्थ बाट माथि उठेर राष्ट्रिय स्वाभिमान को रक्षा गर्न सक्षम हुँदैनन्, तबसम्म नेपालको आन्तरिक राजनीति विदेशी शक्तिकेन्द्रहरूको 'प्रयोगशाला' बनिरहने निश्चित छ।

# पाथीभरा टोल सुधार संस्थाको साधारणसभा सम्पन्न

बिर्तामोड, माघ ५ । बिर्तामोड-५ स्थित पाथीभरा टोल सुधार संस्थाको १८ औं बार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ । बिर्तामोड नगरपालिका वडा नं.-५ का वडाध्यक्ष रोहित प्रसाईको प्रमुख आतिथ्यता तथा पाथीभरा टोल सुधार संस्थाका अध्यक्ष नारायण चिमरियाको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको हो ।

२०६५ सालमा स्थापित पाथीभरा टोल सुधार संस्थाले १८ औं बर्ष पार गर्दा ज्येष्ठ नागरिक भवन निर्माण गर्न सफल भएको छ।

संस्थालाई स्थानीय गिरीराजकुमारी प्रसाईले स्व. सिके प्रसाईका नाममा ज्येष्ठ नागरिक भवन निर्माणका लागि प्रदान गरेको १३ धुर बढी जमिनमा आन्तरिक तथा बाह्रय स्रोत जुटाएर भवन निर्माण गरिएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडाध्यक्ष प्रसाईले समय समयमा कल्पनै गर्न नसकिने प्रकृतिको परिस्थिति आउँदा छाउने अन्योलताबाट पाठ सिकेर अघि बढ्नुपर्ने बताए ।

विशिष्ट अतिथि विघटित प्रतिनिधिसभाका निवर्तमान सभामुख देवराज घिमिरेले व्यवस्थित शहर निर्माणका लागि प्रारम्भदेखि नै ध्यान दिनुपर्ने बताए। बिर्तामोड नगरपालिका बन्नुअघि नै अव्यवस्थित शहर बनिसकेको उल्लेख गर्दै घिमिरेले व्यवस्थित



शहर निर्माणका लागि व्यक्तिको विचार पनि व्यवस्थित हुन जरुरी रहेको उल्लेख गरे । टोल सुधार संस्थाले शिक्षा, संस्कार, सुरक्षा जस्ता कुरामा ध्यान दिएर नैतिकवान समाज निर्माणमा योगदान गर्नु पर्नेमा उनको जोड थियो ।

विघटित प्रतिनिधिसभाकी निवर्तमान उपसभामुख इन्दिरा रानामगरले ज्येष्ठ नागरिकले सम्मानपूर्वक बाँच्न पाउनुपर्ने बताउँदै त्यसको व्यवस्था राज्यले गर्नुपर्नेमा धारणा राखिन् ।

कार्यक्रममा अध्यक्ष चिमरियाले संस्थाको संस्थागत प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा कोषाध्यक्षको प्रतिवेदन सचिव छविकृष्ण बरालले प्रस्तुत गरेका थिए । कार्यक्रममा स्व. सुमन पोखरेलको स्मृतिमा उनका आमा-बुबा देवी-मुक्तिनाथ पोखरेलले कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने एकजनालाई पुरस्कृत गर्ने गरी अक्षयकोष स्थापनार्थ एकलाखको चेक अध्यक्ष चिमरियालाई हस्तान्तरण गरेका थिए ।

सो अवसरमा संस्थालाई भवन निर्माणका लागि जग्गा प्रदान गर्ने स्व. गिरीराजकुमारी प्रसाईँलाई मरणोपरान्त दाता सम्मान गरिएको थियो । बिशिष्ठ अतिथिबाट प्रदान गरिएको उक्त दाता सम्मान स्व. प्रसाईँका छोराबुहारी विवेक केशरी र संगीताबाबा प्रसाईँले ग्रहण गरेका थिए भने ज्येष्ठ नागरिक सम्मान महेश्वरा बास्कोटालाई प्रदान गरिएको थियो ।

त्यसैगरी घर आँगन तथा टोल सफा राख्न महत्वपूर्ण भूमिका खेलेको भन्दै पाथीभरा टोल रोड नं. ७ की कमला कार्कीलाई सरसफाई सम्मान गरिएको थियो। कार्यक्रममा स्मृति भट्टराई निरौलालाई उत्कृष्ट बुहारी सम्मान गरिएको थियो भने गत बैशाखयता टोलमा जन्मिएका शिशुमध्ये ज्येष्ठ शिशु अनमोल अधिकारीलाई नगद प्रदान गरिएको थियो ।कार्यक्रममा चर्तुभुज-भद्रशिला कार्की स्मृति पुरस्कारबाट २०८१ को एसइईमा उत्कृष्ट आज्ञा चापागाँई र आदित्य साहलाई तिलरुपा स्मृति तथा सिके प्रसाईँ स्मृति पुरस्कार सम्मान पत्रसहित नगद प्रदान गरिएको थियो ।

संस्थाका पूर्व अध्यक्ष मोहन ओलीले स्वागत तथा औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा ध्रुवकुमार शिवाकोटीलगायतले शुभकामना मन्तव्य राखेका थिए भने सञ्चालन छविकृष्ण बरालले गरेका थिए ।

सोही कार्यक्रममा सम्पन्न ज्येष्ठ नागरिक समाजको प्रथम अधिवेशनले मोहन ओलीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा हिमादेवी ढुङ्गेल, सचिवमा अग्नीबहादुर दाहाल, कोषाध्यक्षमा नन्दीकिशोर निरौला चयन भएका छन् ।

समितिको सदस्यहरुमा पुण्यप्रसाद दंगाल, बुद्धिप्रसाद चापागाँई, चन्द्रमाया कडरियालगायत रहेका छन् । कार्यक्रममा घिमिरेको सहयोगमा २० जना बढी ज्येष्ठ नागरिकलाई लौरो वितरण गरिएको थियो ।

# साढे ४ हजार मतदानस्थल अति संवेदनशील

झापा । निर्वाचन आयोगले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि ११ हजार ९ सय १ मतदानस्थल तय गरेको छ।

सुरक्षाका दृष्टिकोणबाट केन्द्रीय सुरक्षा समिति बैठकले ती मतदानस्थललाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन भागमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा व्यवस्थापन मिलाएको छ। केन्द्रीय सुरक्षा समितिबाट निर्वाचन आयोगमा पेश गरिएको सुरक्षा खाकाअनुसार २१ फागुनको निर्वाचनमा ११ हजार ९ सय १ मतदानस्थल तोकिएकामा करिब एक तिहाइ अति संवेदनशील सूचीमा समेटिएका छन् । त्यस्तै ४ हजार ४ सय ४२ मतदानस्थल संवेदनशील र २ हजार ८ सय ४५ मतदानस्थल सुरक्षा चुनौतीका दृष्टिले सामान्य तोकिएका छन् ।

स्रोतका अनुसार काठमाडौं उपत्यकामा २ सय ७८ मतदानस्थल सामान्य सूचीमा राखिएका छन् भने २ सय ३७ संवेदनशील र १२ मतदानस्थल अति संवेदनशील सूचीमा वर्गीकरण गरिएको छ ।कोशीमा ६ सय ४७ मतदानस्थल सामान्य, २ सय ३७ संवेदनशील र १२ अति संवेदनशील सूचीमा समेटिएका छन् । मधेसमा १ सय ५९ सामान्य, ७ सय ५५ संवेदनशील र १२ सय ४६ अति संवेदनशील सूचीमा राखिएका छन् । बागमती (उपत्यकाबाहेक) मा ४ सय ३७ सामान्य, ४ सय ९७ संवेदनशील र १२ सय ८८ अति संवेदनशील सूचीमा राखिएका छन् ।

गण्डकीमा ३ सय ९२ सामान्य, ५ सय ७७ संवेदनशील र ३ सय २८ अति संवेदनशील, लुम्बिनीमा ४ सय ७१ सामान्य, ७ सय ३८ संवेदनशील र ३ सय ५८ अति संवेदनशील, कर्णालीमा १ सय ६१ सामान्य, ४ सय २२ संवेदनशील र ३ सय ५८ अति संवेदनशील तथा सुदूरपश्चिममा ३ सय सामान्य, ३ सय ९४ संवेदनशील र ४ सय ८१ मतदानस्थल अति संवेदनशील सूचीमा राखिएका छन् ।

सुरक्षा चुनौतीअनुसार वर्गीकरण गरिएका मतदानस्थलमा सोहीअनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना खटाइने छन् । प्रहरी र सशस्त्र प्रहरी मातहत खटिने गरी १ लाख ४९ हजार ९० निर्वाचन प्रहरी पनि सुरक्षा तैनाथीमा परिचालित हुँदै छन् । केन्द्रीय सुरक्षा समितिले मतदानस्थल वर्गीकरणलाई सातवटै प्रदेशमा सुरक्षा गोष्ठी सम्पन्न गरेपछि त्यहाँबाट आएका 'फिडब्याक'का आधारमा केही संशोधन गरी अन्तिम विवरण तय गरेको प्रहरीका एक अधिकारीले बताए । निर्वाचन सुरक्षामा चुनौतीका विभिन्न सूचकलाई आधार मानेर सुरक्षाकर्मी तैनाथ गर्रिदै आएको छ । गृह मन्त्रालयको समन्वयमा लुम्बिनी प्रदेशको रुपन्देहीबाट ९ मंसिरदेखि चुनाव केन्द्रित सुरक्षा गोष्ठी सुरु भएको थियो । ३० पुसमा मधेस प्रदेशमा गोष्ठी आयोजना गरी यो प्रक्रिया टुंगिएको हो । लुम्बिनीबाट सुरु गरी त्यसपछि क्रमशः सुदूरपश्चिममा १६ मंसिर, गण्डकीमा २९ मंसिर, कर्णालीमा ९ पुस, कोशीमा १६ पुस, बागमतीमा २५ पुस र मधेसमा ३० पुसमा सुरक्षा सम्मेलन गरी निर्वाचन सुरक्षा तयारी, चुनौती र अपनाउनुपर्ने रणनीतिका विषयमा छलफल भएको थियो ।

सरकारले जेन-जी आन्दोलनपछि बदलिएको परीस्थिति, जेन-जी पक्षधर समूह, नयाँ र पुराना दलबीचको अस्तित्वको लडाइँ र प्रतिस्पर्धा, निर्वाचन बहिष्कार वा अवरोध गर्न सक्ने समूहका गतिविधि, सुरक्षा निकायमा सवार ।साधन तथा हातहतियार/गोलीगठ्ठाको अपर्याप्तता, न्यून जनशक्ति, खुला सीमा र त्यसबाट सिर्जित हुनसक्ने जोखिम तथा सामाजिक सञ्जालको दुरुपयोगलाई मुख्य चुनौतीका रूपमा किटान गरेको छ । नेपाल-भारत खुला सीमा क्षेत्र भएका कारण त्यसबाट सिर्जित जोखिमलाई मुख्य चुनौती मानेर झापादेखि कञ्चनपुरसम्म सीमावर्ती क्षेत्रका मतदानस्थल बढी जोखिममा समेटिएका छन् । नेपालको भारततर्फ करिब १ हजार ८ सय ८० किलोमिटर खुला सीमा र चीनतर्फ १ हजार ४ सय १४ किलोमिटर नियन्त्रित अवधारणाको सीमा छ ।

सुरक्षा गोष्ठीमा प्रदेश तथा जिल्लाका सुरक्षा समितिबाट आ-आफ्ना संयन्त्रमार्फत भइरहेका तयारी, समस्या तथा सम्भावित चुनौती सामना गर्न अपनाइने रणनीतिबारे छलफल गरी गृह मन्त्रालयले जनशक्ति र स्रोतसाधन व्यवस्थापन गरिएको जनाएको छ । निर्वाचन सुरक्षा तथा व्यवस्थापनका लागि सरकारले 'एकीकृत निर्वाचन सुरक्षा तथा व्यवस्थापन योजना-२०८२' अनुसार सबै तयारी गरिएको जनाएको छ । सुरक्षा कार्ययोजनाअनुसार मतदानअघिका र मतदानपछिका चुनौतीलाई फरक-फरक रूपमा हेरी सुरक्षा तैनाथी गर्न लागिएको छ ।

# मौलिक रूपमा स्थापित पुर्ख्यौली पेशा संकटमा

द्रोण अधिकारी

भद्रपुर । माटोसित रमाएर जीवन गुजारा गर्ने मूर्तिकार विष्णु राजवंशी दोस्रो पुस्ताका कलाकार हुन् । मूर्तिकलासम्बन्धी औपचारिक शिक्षा नलिइकनै बाबुको पेशामा सहयोगी बन्ने क्रममा पोख्त मूर्तिकार बन्ने सौभाग्य पाएका राजवंशीको पुर्ख्यौली पेशा पछिल्ला केही वर्षयता आर्थिक संकटको सामना गरिरहेको छ ।

झापाको साविक महेशपुर ६ हाल भद्रपुर ६ मोतियावारी माता मन्दिर छेउमा बीस वर्षयता माटाको मूर्ति बनाएर जीवन चलाइरहेका कलाकार राजवंशीको कलाकृतिमाथि भारतीय बजारबाट अवैध प्रवेश पाउने मूर्तिहरूले व्यवसायिकतामा असर पर्ने क्रम बढ्दै जाँदा परिवार धान्न हम्मेहम्मे पर्दै गएको हो ।

दुई सन्तानको शिक्षादिक्षा र ४ जनाको परिवार धान्ने आधार यही मूर्तिकला रहेको कलाकार विष्णु राजवंशीलाई पछिल्लो समय व्यवसाय नचल्दा आर्थिक संकटले सताउन थालेको छ ।

उनले जानेको मूर्तिकलाका लागि लगनशीलता र मेहनतलाई घटाएका छैनन् । तर पनि आफ्नो व्यवसायमा अतिक्रमण बढेकै कारण निर्मित मूर्ति नबिक्दा आर्थिक संकटको सामना गर्नु परेको उनको भनाइ छ ।

अभिषेक मूर्ति उद्योगका नाममा बैधानिक रूपमा सञ्चालनमा रहेको उनको उद्योगको उत्पादनलाई भारतीय बजारबाट भित्रने अवैध मूर्तिले नराम्ररी संक्रमण गरिरहेको उनको भनाइ छ । अवैध रूपमा भारतबाट आउने मूर्ति नरोक्ने हो भने आफू जस्ता नेपाली माटोमा गरिखानेहरू भोकै मर्नु पर्ने दिन आइसकेको उनले बताएका छन् ।

मूर्ति उत्पादनमा चर्चित उनको उद्योगको मेचीदेखि महाकालीसम्म पहिचान बनाएर



फैलिएको थियो । अहिले सम्झँदा उनलाई आफ्नो व्यवसाय बनावटी कथा जस्तो लाग्न थालेको छ ।

पछिल्ला केही वर्षयता आदिवासी जनजातिको मौलिक पहिचान जगाउन कला र संस्कृति संरक्षणमा जुटेका राजवंशी हिन्दु परम्पराका विशेष गरी दशैं, तिहार, छठ, सरस्वती पूजा, विश्वकर्मा पूजा, देवी पूजा लगायतका लागि आवश्यक पर्ने मूर्ति निर्माणमा सकृय हुने गरेका छन् ।

राजवंशी विभिन्न जातीय संस्कार संस्कृतिका झलक दिने मूर्ति बनाउन व्यस्त रहने गर्दछन् । उनी पिताको पेशालाई निरन्तरता दिने दोस्रो पुस्ताका मूर्तिकार हुन् । उनको मूर्तिकला हिन्दु संस्कृतिका विभिन्न पर्वहरूमा बढी खपत हुने कारण परिवार पाल्ने पेशा बन्न सफल थियो । दुई जना छोरा छोरीलाई स्तरीय शिक्षा दिने, घर परिवार धान्ने आधार रहेको मूर्तिकला राजवंशी परिवारको पहिचान पनि हो । भारतमा सस्तो मूर्ति पाइने हल्लाले ग्राहक भारततिर जाने वा भारतीय व्यापारीले गाउँगाउँमा गएर मूर्ति बेच्न थालेपछि समस्या आउन थालेको राजवंशीको भनाइ छ । उनका अनुसार भारतीय बजारमा भन्दा उनको उत्पादन रहेका मूर्ति निकै सस्ता छन् तर प्रचार अभावले ग्राहकले चाल नपाएका कारण बाहिर जाने गरेका छन् ।

माटोसँगै खेलेर चार जनाको परिवार पाल्दै आएका राजवंशी जीवनलाई मूर्तिसँगै साट्दै भगवान शिव, पार्वती काली, सरस्वती, विश्वकर्मा, लक्ष्मी, भगवती लगायतका विभिन्न देवी देवताका अतिरिक्त अन्य जुनसुकै प्रकारका मूर्ति बनाउने गर्दछन । मूर्तिबाटै घरपरिवार चलाउँदै समाजिक सेवामा समेत सहयोग र लगानी गरिरहेका छन् । राजवंशी स्वदेशी श्रम र माटोको माया गर्ने समाजसेवा र सुशासनका लागि पहरेदारी गरिरहेका सामाजिक अगुवा पनि हुन् । उनले समाज विचलनमा फस्ने कारणका रूपमा भ्रष्टाचार हुने गरेको ठहर गर्दै भद्रपुर नगरलाई भ्रष्टाचार शून्य नगरका रूपमा विकास गर्न स्थानीय विकास निर्माणमा कमिशनविहीन सेवा अभियानसमेत चलाइरहेका छन् ।

उनी युवापुस्तालाई स्वदेशी श्रम र सीपको महत्व बुझाउने अभियानमा समेत रहेका छन् । राजनीतिमा शुद्धीकरण अनिवार्य रहेको अनुभव सुनाउने राजवंशी लोकतन्त्रमा असल शासक रहनु जरूरी ठान्छन् । पुराना दलको अकर्मण्यताले देश आर्थिक संकटतिर धकेलिएको बताउने राजवंशी पथभ्रष्ट प्रवृत्तिका नेताहरूलाई अबको निर्वाचनले बडार्नु पर्ने समेत बताउँछन् ।

पैसा र पहुँचमा राज्य सञ्चालक अलमल गरिरहेसम्म लोकतान्त्रिक गणतन्त्र सर्वहारा वर्गको पहुँचमा नआउने बताउने राजवंशी इमान्दार र लगनशील कार्यले पेशामा सफलता मिल्ने जनाउछन् । चार जनाको परिवार धानेर पनि समाजमा केही देन दिन उनको मूर्तिकलाको आय सफल भइरहेको स्मरण गर्छन् ।

नेपाली माटोलाई माया गर्ने राजवंशी मूर्तिकलाका उदाहरण भएर भद्रपुर नगरको आदिवासी क्षेत्र महेशपुरमा रमाइरहेका छन् । राजनीतिमा समेत सचेत राजवंशी पछिल्लो समय आगामी निर्वाचनले समुन्नत नेपालको मार्गचित्र कोर्छ कि भन्ने आशमा रहेका छन् । उनीसित सम्पर्क गर्न चाहनेले ९८१४९३३७७० नम्बरमा सम्पर्क गर्न सकिने बताउँछन् । राजवंशी आफूसित रहेको कला अन्यमा पनि हस्तान्तरण गर्न तत्पर भए पनि मूर्तिकला सिक्न कोही नआएको बताउने गर्छन् । माटो मात्र नभएर सिमेन्टका समेत माग बमोजिम मूर्ति बनाउन सक्ने राजवंशी पछिल्लो समय ग्राहक अभावले पेशा संकटको सामना गरिरहेको जनाउने गर्छन् । मूर्तिकलासितै धार्मिक गुरूको भूमिकामा समेत उनी सकृय रहेका छन् ।

# ताप्लेजुङबाट एमालेका क्षितिज थेबे उम्मेदवार

झापा । नेकपा एमालेले ताप्लेजुङबाट प्रतिनिधि सभा सदस्यको प्रत्यक्षतर्फ क्षितिज थेबेलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

एमाले निकट राष्ट्रिय युवा संघका अध्यक्ष रहेका थेबेलाई उम्मेदवार बनाउने निर्णय पार्टीले गरेको हो। शनिवार बसेको सचिवालय बैठकले सो निर्वाचन क्षेत्रको उम्मेदवार टुंगो लगाउने जिम्मेवारी पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई दिएको थियो। सोही निर्णयअनुसार अध्यक्ष



ओलीले थेबेलाई उम्मेदवार चयन गरेका हुन् ।

यसअघि त्यो निर्वाचन क्षेत्रबाट एमाले उपमहासचिव योगेश भट्टराई निर्वाचित भएका थिए । यस पटक भने पार्टीले युवा नेतृत्वलाई अघि सार्दै थेबेलाई उम्मेदवार बनाएको छ। एमालेले गरेको यो निर्णयले पार्टीभित्र युवालाई प्राथमिकता दिने नीति अझ स्पष्ट भएको नेताहरू बताउँछन्।

थेबेलाई पार्टी र जनसंगठनमा जुझारु तथा वैचारिक रूपमा सक्षम नेताका रूपमा लिइन्छ। पार्टी र नेतृत्वमाथि चौतर्फी आक्रमण भइरहेका बेला उनी दृढताका साथ अगाडि उभिएको नेताहरूको भनाइ छ। यस्ता कठिन समयमा देखाएको प्रतिबद्धता, सक्रियता र संगठनप्रतिको निष्ठालाई मूल्याङ्कन गर्दै पार्टीले उहाँलाई उम्मेदवार बनाएको एमालेको बुझाइ छ। थेबेको उम्मेदवारीमार्फत एमालेले युवाको भावना, योगदान र जुझारुपनप्रति सम्मान व्यक्त गरेको सन्देश गएको पार्टीका नेताहरूले बताएका छन्।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ